प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७८/७९ को लागि प्रवीणता प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रममा पुर्ण शुल्कीय तर्फ उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुबाट भर्नाका लागि निवेदन दिने सम्वन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०७८।११।०६)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, स्तर निर्धारण तथा सम्वन्धन महाशाखाको च.नं १९००, मिति २०७८।१०।२६ गतेको पत्रानुसार शैक्षिक शत्र २०७८/०७९ का लागि प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रम संचालन गर्ने गरी सम्वन्धन/स्वीकृति पाएको र परीक्षा समितिको मिति २०७८।११।०५ गतेको निर्णयानुसार **मिथिला टेक्निकल एकेडेमी, जनकपुरधाम, धनुषा**मा वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति बाहेकका देहाय बमोजिम तोकिएका कोटामा प्रा.शि.तथा व्या.ता.परिषद्, परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७८।०८।०८ गतेको गोरखापत्र राष्ट्रिय दैनिक र www.ctevtexam.org.np मा प्रकाशित सूचना अनुसार ITMS मा Online Entry भएका पुर्ण शुल्कीय तर्फको प्रवीणता प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको भर्ना प्रकृयामा सहभागी भएका सम्पुर्ण परीक्षार्थीहरुलाई पुर्ण शुल्कीय लक्षित बर्ग, प्राविधिक एस.एल.सी(अनमी), पुरुष नर्सिङ्ग कोटा र पुर्ण शुल्कीय खुला कोटामा सोही कोटाको उत्तीर्ण सूची (Alternative/Cut off/Pass list) मा रहेका परीक्षार्थीहरु मध्येबाट भर्ना अनुमति प्राप्त गरेको प्राप्तांकको योग्यताक्रमका आधारमा छनौट गरी विद्यार्थी भर्ना गर्नुपर्ने भएकाले मिति २०७८।११।१२ गते कार्यालय समय भित्र सम्वन्धित इच्छुक परीक्षार्थीहरुले **सम्वन्धित शिक्षण संस्था**मा भर्ना अनुमति पत्रको प्रतिलिपी र परिषद्को वेवसाइटमा राखिएको नतिजा सिट संलग्न राखी निवेदन दर्ता गराउनु हुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>भर्ना प्रकृया सम्वन्धी निर्देशन :</u>**

१. प्रवीणता प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रम तर्फ अध्ययनका लागि मुलुकभरीका जुनसुकै प्रदेशका सोही कार्यक्रममा भर्ना सिफारिस भई उत्तीर्ण सूची (Alternative/Cut off/Pass List) मा रहेका परीक्षार्थीहरु मात्र योग्य हुनेछन । प्रवीणता प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रममा मुख्य परीक्षार्थीको रुपमा अन्य शिक्षण संस्थामा सिफारिश गरिएका परीक्षार्थीहरुलाई यस भर्ना कार्यक्रममा समावेश गराइने छैन । यदि त्यस्ता परीक्षार्थी भर्ना भएको पाइएमा भर्ना रद्ध गरिनेछ ।

२. पुर्ण शुल्कीय कोटाहरुमा पुर्ण शुल्कीय तर्फको परीक्षार्थी नभई कोटा खाली रहन गएको खण्डमा मात्र बर्गिकृत (नि:शुल्क) छात्रवृत्तिको बैकल्पिक वा उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीलाई योग्यताक्रमानुसार भर्ना गर्न सकिनेछ ।

३. मिति २०७८।११।१२ गते कार्यालय समय भित्र दर्ता हुन आएका निवेदनहरु संकलन गरी भर्ना अनुमति सिफारिशको प्राप्तांक सहित सिफारिश गरिएका मुख्य परीक्षार्थी र बैकल्पिक परीक्षार्थीको योग्यताक्रमको सुची तयार गरी विज्ञापन शुल्क बापतको रकम बुझाएको बैंक भौचर सहित सम्वन्धित परिषद्, प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

४. भर्ना सम्वन्धी निर्देशिका २०७४(चौथो संशोधन) बमोजिम पुर्ण शुल्कीय तर्फका कोटाहरुको बांडफांड गरी मुख्य र बैकल्पिक परीक्षार्थी छनौट गरी भर्नाका लागि सम्वन्धित शिक्षण संस्थाले आवेदन लिने म्याद सकिएको ३ दिन भित्रमा परिषद्को प्रदेश कार्यालयलाई सिफारिश गर्नुपर्नेछ र परिषद् प्रदेश कार्यालयले भर्ना सिफारिश तथा नतिजा प्रकाशन गर्नेछ ।

५. उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीले तोकिएको मिति र समय भित्र निवेदन पेश गर्न सम्वन्धित शिक्षण संस्थामा कुनै असहयोग वा अवान्छित गतिविधि भएको सम्वन्धमा सम्वन्धित परिषद्, प्रदेश कार्यालयले अनुगमनको कार्य गर्नेछ ।

६. बर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटाको हकमा सम्वन्धित परिषद्को प्रदेश कार्यालयले शैक्षिक शत्र २०७८/०७९ का लागि लिइएको सम्वन्धित प्रदेशको प्रवीणता प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रममा बर्ग कोटाको बैकल्पिक/पासलिष्ट उम्मेदवारहरुबाट योग्यताक्रमानुसार छनौट गरी मुख्य परीक्षार्थीको रुपमा सिफारिश गरी पठाउनेछ ।

७. सम्वन्धित शिक्षण संस्थामा परीक्षार्थीले निवेदन पेश गर्न कुनै शुल्क लिन पाइने छैन । परीक्षार्थीको फोटो सहितको भर्ना अनुमति पत्रको प्रतिलिपी, वेवसाइटमा प्रकाशित परीक्षार्थीको उत्तीर्ण सूचीमा रहेको सूचीको प्रिन्ट, एस.ई.ई वा एस.एल.सी वा प्राविधिक एस.एल.सी को शैक्षिक योग्यताको प्रतिलिपी सहित परीक्षार्थीको निवेदनको आधारमा शिक्षण संस्थाको मूल दर्ता किताबमा दर्ता गर्नुपर्नेछ ।

**तपसिल :**

| क्र.सं | शिक्षण संस्थाको नाम, ठेगाना | स्वीकृत कार्यक्रम | स्वीकृत कोटा | प्रदेश |
|---|---|---|---|---|
| १. | मिथिला टेक्निकल एकेडेमी, जनकपुरधाम, धनुषा | प्रवीणता प्रमाणपत्र तह नर्सिङ्ग | ४० | मधेश प्रदेश |

**तपसिल :**

| छात्रवृत्ति कोटा | | पुर्ण शुल्कीय कोटाहरु | | | |
|---|---|---|---|---|---|
| बर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटा | जेहेन्दार छात्रवृत्ति कोटा | प्राविधिक एस.एल.सी कोटा (अनमी लाई आरक्षण) | पुर्ण शुल्कीय लक्षित बर्ग कोटा | पुरुष नर्सिङ्ग कोटा | पुर्ण शुल्कीय खुला कोटा |
| ३ (२ जना साधारण समुह र १ जना अन्य मधेशी समुदाय) | १ | ४ | ४ | ६ | २२ |

यो सूचना www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**